Informal Sector Service Centre (INSEC)
इन्सेक Insec
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : ३०औं दिन**
**मिति : ०७२ जेठ १०**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८,६४८
घाइते : १६,८०८

## भूकम्पपीडितका माझ राजनीतिक दलका कार्यकर्ता

भूकम्पबाट पीडितका बसोबास निर्माणमा सहयोग पुऱ्याउन प्रमुख दलहरूले जिल्ला जिल्लामा भातृ सङ्गठन र दलका कार्यकर्ता परिचालन गरेका छन् । यसरी परिचालन गर्नेमा सत्तारुढ दल नेपाली काङ्ग्रेस, नेकपा एमाले, दुई पटक सरकारको नेतृत्व गरिसकेको एमाओवादी र माओवादीबाट विभाजित समूहहरू पनि रहेका छन् ।

दलहरूको आफ्नो राजनीतिक रणनीति र उद्देश्य अनुरुप परिचालित हुँदै आएका भातृ सङ्गठनका कार्यकर्ताहरू बन्द र हडतालका कारण आमजनताबाट आलोचित हुँदै आएका छन् । पीडितको घरदैलोमा गएर भत्किएका संरचनाहरू हटाउन, अस्थायी आवास निर्माण गर्न जसरी सहयोग गर्न हौसिएका छन्, त्यो स्वागतयोग्य छ ।

मुलुकमा आएको ठूलो विपत्तिको सामना गर्न सबै राजनीतिक शक्ति एक जुट हुने र राष्ट्रिय सरकार बनाउने चर्चा परिचर्चा चलिरहेका बेला दलका भातृ सङ्गठनहरू एकै ठाउँ बसेर योजना बनाई कार्यविभाजन गर्नु उपयुक्त हुन्थ्यो ।

कहाँ कसलाई सबैभन्दा बढी सहयोगको खाँचो छ, त्यसको पहिचान नगरी इच्छानुसार विभिन्न स्थानमा पुगेका छन्, त्यसले गर्दा प्राथमिकतामा पर्नुपर्ने समुदाय पुछारमा पर्न सक्ने सम्भावना रहन्छ । जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू त्यस्ता कार्यकर्ताहरू आफ्नो जिल्लामा आएको आधिकारिक जानकारी प्राप्त नभएको र समाचारका माध्यमबाट त्यस्ता सूचना प्राप्त भएको बताउँदै आएका छन् । एकातिर सरकार एकद्वार प्रणालीको कुरा गर्दै छ भने अर्कातिर सरकारका घटक र प्रमुख दलहरू सरकारकै निकायलाई उपेक्षा गरिरहेको देखिएको छ । दलहरूले आफ्ना कार्यकर्तालाई स्थानीय निकायसँग समन्वय गर्न निर्देशन दिनु सान्दर्भिक हुने छ ।

### उल्लेख्य

- वैशाख १२ र २९ गते गएको भूकम्पका कारण धाँजा फाटेको जमिनमा पहिरो जाँदा म्याग्दी जिल्लाको भगवती गाविस- २ बैसरीका २६ घर पुरिएका छन् । जिल्लाको राम्चे गाविसको काफलडाँडाको डिल रातको समयमा खस्दा ०७२ जेठ १० गते बिहान राति दुई बजे गएको पहिरोले २६ घर पुरिएको र थुनिएको कालिगण्डकी नदी १६ घण्टापछि खुलेको छ ।
- वैशाख १२, १३ र २९ गते आएको विनाशकारी भूकम्पका कारण रामेछापको पुरानो सदरमुकाम रामेछाप बजारमा रहेको रामेछाप कारागार भत्किएपछि त्यहाँ रहेका २ सय ५० भन्दा बढी बन्दीलाई चार दिनसम्म खुल्ला चौरमा सुरक्षा घेरा दिएर राखिएको छ । कारागारमा कैदी बन्दी कक्षको भवन पूरै ढलेपछि ढलेको भवनका ढुङ्गा माटो हटाएर अहिले सोही स्थानमा टेन्ट गाडेर राखिएको छ ।
- भूकम्पका कारण विद्यालय भवन चर्केपछि दाङका २० भन्दा बढी सामुदायिक विद्यालयले खुलाचौरमा पठनपाठन थालेको जिल्ला शिक्षा कार्यालय दाङले जनाएको छ चर्केका विद्यालय भवनमा कक्षा सञ्चालन नगर्न प्राविधिकले सुझाव दिएपछि महेन्द्र मावि तुलसीपुर, प्रावि कौवाघारी, शंकर मावि पिपरी देउखुरी,

हंसेश्वर प्रावि भगवानपुरलगायत १० ओटा विद्यालयले विद्यार्थीहरूलाई खुला चौरमा राखेर पढाउन थालेका विद्यालय निरीक्षक रामप्रसाद जैसीले बताए ।

- भूकम्पका कारण कालिकोट जिल्लामा सरकारी तथा निजी गरी २ करोड बराबरको भौतिक सम्पति क्षति भएको जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ । भूकम्पका कारण ४२ वटा विद्यालयमा क्षति पुगेको छ । ४२ मध्ये ७ ओटा विद्यालय पूर्णरुपमा क्षति पगेको र बाँकी बस्न नमिल्ने गरी चर्किएका छन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/